Date :

मिति २०७८ साउन २६ गते मंगलबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को

## सातौं बैठकका निर्णयहरु

निर्णय नं. १:- विपद्को विद्यमान क्षतिको समीक्षाका साथ यस अवधिमा ६८ जनाको दुःखद् निधन भएको तथा ४० जना हराईरहेकाहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नुका साथै परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै ८४ जना घाइते भई उपचारको क्रममा रहेका सबैको पूर्ण स्वास्थ्य लाभको कामना गर्ने ।

निर्णय नं. २:- विपद्को समयमा सहयोग र समन्वय गर्ने स्थानीय जनसमुदाय, स्थानीय तहका पदाधिकारी, कर्मचारी, जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश सरकार लगायत सरकारी तथा गैरसरकारी क्षेत्र सबैलाई धन्यवाद दिने ।

निर्णय नं. ३:- जलवायु परिवर्तनको बढ्दो असरबाट उत्पन्न हुने विपद् जोखिमलाई समेत मध्यनजर गर्दै संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमले पहिचान गरेका क्षेत्रहरुलाई समाविष्ट गरी तत्कालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना तयार गर्ने, जसका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई समन्वय गर्न निर्देशन दिने ।

निर्णय नं. ४:- मनसुनको बाँकी अवधिका लागि पूर्वतयारी तथा प्रतिकार्यलाई थप प्रभावकारी बनाउन प्रदेश सरकार र स्थानीय तहसँग समेत समन्वय गरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र जिल्ला विपद् व्यवस्थापन समितिलाई परिचालित हुन निर्देशन दिने ।

निर्णय नं. ५:- २०७७ साल चैत्र २६ गतेको निर्णय बमोजिम राष्ट्रिय विपद् व्यवस्थापन कोष परिचालन नियमावली र कार्यविधि तर्जुमा प्रकृया यथाशिघ्र टुंग्याउन गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने ।

निर्णय नं. ६:- विपद्का कारण उच्च रणनीतिक महत्व र जनजीवनमा गम्भीर असर पर्ने प्रकृतिका पुलहरु क्षतिग्रस्त भएमा त्यस्ता स्थानमा बेली वा एक्रोब्रिज तत्काल सञ्चालन गर्ने । यस्ता पुलहरु सञ्चालन गर्न समय लाग्ने भएमा मोड्युलर यान्त्रिक पुल निर्माण गर्ने । यस्ता निर्माण वा खरिद कार्य सडक विभाग, स्थानीय पूर्वाधार विभाग, सम्बन्धित प्रदेश सरकार र स्थानीय तहसँगको समन्वयमा गर्ने गरी नेपाली सेनालाई जिम्मेवारी दिने र यसको लागि आवश्यक रकम अर्थ मन्त्रालयबाट निकासा दिने । नियमित सञ्चालन हुने पुलको निर्माण भए पश्चात उक्त यान्त्रिक पुलहरुलाई अन्यत्र प्रयोग गर्ने गरी व्यवस्था मिलाउन प्राधिकरणलाई निर्देशन दिने ।

निर्णय नं. ७:- मेलम्ची नदीको गेग्ग्रान बहाव र त्यसले निम्त्याएको जोखिम र निराकरणको उपायका लागि बिगतका सबै किसिमका अनुभवको अध्ययन समेत गरी विस्तृत अध्ययन गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने।

निर्णय नं. ८:- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई थप सबल, सक्षम र प्रभावकारी बनाउन (क) जोखिम न्यूनीकरण तथा पूर्व सूचना प्रणाली, (ख) विपद् प्रतिकार्य, (ग) पुर्ननिर्माण तथा पुनःस्थापना र (घ) अध्ययन, अनुसन्धान तथा तालिम गरी कम्तिमा चारवटा निर्देशनालय र अन्य आवश्यक संरचना तथा जनशक्ति रहने गरी यसको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अघि बढाउने ।

निर्णय नं ९:- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ३ उपदफा (१) को खण्ड (झ) बमोजिम पूर्वमन्त्री डा. गंगालाल तुलाधर, धादिङलाई मनोनयन गर्ने ।

अध्यक्ष
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति

२०७८।४।२६